# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

### गभर्नर डा. नेपालको प्रमुख आतिथ्यमा “विद्यार्थीसँग नेपाल राष्ट्र बैंक” कार्यक्रम सम्पन्न

नेपाल राष्ट्र बैंकले विद्यार्थीहरुलाई लक्षित गरी वित्तीय चेतना अभिवृद्धि गर्ने उद्देश्यले आयोजित “विद्यार्थीसँग नेपाल राष्ट्र बैंक” कार्यक्रम गभर्नर डा. चिरंजीबि नेपालको प्रमुख आतिथ्यमा मिति २०७४ साल माघ २१ गते आइतबारका दिन सिन्धुपाल्चोक जिल्लाको बाह्रबिसेस्थित श्री शारदा उच्च माध्यमिक विद्यालयमा सम्पन्न भयो ।




प्रमुख अतिथिको रुपमा मन्तव्य दिनुहुँदै गभर्नर डा. नेपालले सिन्धुपाल्चोक जिल्ला राजधानी नजिक भएपनि वित्तीय चेतना कम भएको कुरा उल्लेख गर्नुहुँदै अर्थसँग सम्बन्धित विषयहरुमा सानो उमेरदेखि नै ज्ञान हासिल गर्नु जरुरी भएको कुरा राख्नुभयो । विभिन्न अन्तर्राष्ट्रिय वित्तीय संकटहरुको उदाहरण दिनुहुँदै गभर्नर डा. नेपालले यस्ता वित्तीय समस्याहरुको एउटा कारण सर्वसाधारणमा वित्तीय ज्ञानको अभाव पनि भएको र त्यसैले पैसाको महत्व विद्यार्थीजीवनदेखि नै बुझ्नुपर्ने र यस कार्यमा अभिभावक तथा शिक्षकहरुको भूमिका पनि महत्वपूर्ण भएको कुरा बताउनु भयो ।

मुलुकको परनिर्भरता समेतको प्रसङ्ग जोडनुहुँदै गभर्नर डा. नेपालले मुलुक न्यूनतम रुपमा दैनिक उपभोग्य वस्तुहरुमा आत्मनिर्भर हुनुपर्ने र वैदेशिक रोजगारीको विकल्पमा स्वदेशमै मिहिनेत गरी राष्ट्रको विकासमा योगदान दिनुपर्ने कुरा समेत गर्नुभयो ।

कार्यक्रममा बैंकका निर्देशक राजेन्द्र पण्डितले कार्यपत्र प्रस्तुत गर्नुहुँदै उपस्थित विद्यार्थी तथा शिक्षकहरुलाई राष्ट्रको वित्तीय प्रणाली, वित्तीय उपकरणहरु, विभिन्न प्रकारका बैंकिङ सेवाहरु, बचत, ऋण, विप्रेषण, आधुनिक बैंकिङ प्रणाली, बैंकको सफा नोट नीति लगायतका विषयहरुमा ज्ञान प्रदान गर्नुभयो । अन्तरक्रियात्मक रहेको उक्त कार्यक्रममा बैंकको मुद्रा निष्काशन कार्य, विभिन्न नीतिगत कर्जाहरु, अन्य बैंक तथा वित्तीय संस्थाहरुको नियमन लगायतका विषयहरुमा छलफल भएको थियो ।

कार्यक्रमले श्री शारदा उच्च माध्यमिक विद्यालयका विद्यार्थी तथा शिक्षकहरुलाई महत्वपूर्ण वित्तीय चेतनामूलक ज्ञान तथा जानकारीहरु प्रदान गरी लाभान्वित गरेको थियो ।

मिति: २०७४ माघ २३, मंगलबार

गभर्नरको कार्यालय